# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको

**D.A.P. तथा D.A.A. को माध्यमबाट मालसामान आयात गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक गोरखापत्र दैनिकमा प्रकाशित मिति: २०७७/१२/०५)

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक अन्य मुलुकहरूबाट प्रतीतपत्र बाहेक D.A.P. (Documents Against Payment) तथा D.A.A. (Documents Against Acceptance) को माध्यमबाट **अमेरिकी डलर एक लाख** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०ख. ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

उपर्यूक्त व्यहोराका सम्बन्धमा यस बैंकबाट जारी गरिएको एकीकृत परिपत्र- २०७६ (संशोधन सहित) को दफा १.२.१ र १.२.२ मा रहेका व्यवस्थाहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । उल्लिखित परिपत्र यस बैंकको वेबसाइट ( https://www.nrb.org.np/departments/fxm) बाट प्राप्त गर्न सकिनेछ ।

भवदीय,

२०७७।१२।०४

रामु पौडेल

(कार्यकारी निर्देशक)